आज मिति २०७९/११/३० गते अपरान्ह २:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २. | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३. | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४. | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५. | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६. | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७. | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८. | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९. | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०. | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११. | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२. | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३. | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४. | श्री शेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| १५। | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६। | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७। | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८। | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९। | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०। | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१। | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२। | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३। | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४। | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५। | श्री बिन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६। | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७। | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८। | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९। | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०। | श्री रामलाल श्रेष्ठ | प्र.प्र.अ/ सचिव | |

**निर्णय नं. १:**

नेपाल नगरपालिका संघले आ.व. ०७८/०७९ मा संस्थागत विकास, सेवा प्रवाह र वित्तीय सुशासन क्षेत्रमा उल्लेख्य कार्य सम्पादन गरेकोले सो को उच्च मूल्याङ्कन गर्दै संघको ३० औं वार्षिकोत्सवको उपलक्ष्यमा सम्मानीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल ज्यूको बाहुलीबाट धनगढी उप-महानगरपालिकालाई उत्कृष्ट नगरपालिका पुरुस्कार २०७९ द्वारा सम्मानित (पुरुस्कृत) गरेकोमा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल ज्यू तथा नेपाल नगरपालिका संघलाई धन्यवाद् ज्ञापन गर्ने निर्णय गरियो।

**निर्णय नं. २:**

यस धनगढी उप-महानगरपालिका अन्तर्गत १९ वटै वडाबाट अगामी आ.व. ०८०/०८१ का लागि प्राप्त भएका योजनाहरुको प्राथमिकता अनुसार DPR तयार गर्ने र बजेटका लागि संघीय सरकार तथा प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो।

**निर्णय नं. ३:**

यस धनगढी उप-महानगरपालिका वडा नं. ३, कालिका नगरमा नयाँ बसपार्क निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गरिदिन नगर विकास कोष (TDF) लाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:**

यस धनगढी उप-महानगरपालिका वडा नं. १, मालपोत रोड मुख्य बजार क्षेत्रमा रहेको कर्मचारी मिलन केन्द्रको स्वामित्वमा रहेको जग्गामा Multi-Storey Car Parking को DPR तयार गरिदिन नगर विकास कोष (TDF) लाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:**

यस धनगढी उप-महानगरपालिका क्षेत्र लगायत छिमेकी पालिका समेत समेट्ने गरी विद्युतीय बस (E-Mobolity) संचालनका लागि सम्भाव्यता अध्ययन सहित DPR तयार गरिदिन नगर विकास कोष (TDF) लाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ६:**

यस धनगढी उप-महानगरपालिका वडा नं. १ र ८ कैलाली पुल देखि क्याम्पस चौक सम्म मुख्य सडकमा बाटो विस्तारका क्रममा विभिन्न संरचनाहरु भत्काई हटाउने कार्यमा प्रयोग भएका Heavy Equipments हरु, भ्याकु लोडर र स्काभेटर (Chain Moving) हरुको दरभाउ पत्र माग भए बमोजिमको स्वीकृत दररेट अनुसारको सम्झौता बमोजिमको मूल्याङ्कन भएको रकम तपसिल बमोजिमका फर्महरुलाई खोलानाला अतिक्रमण शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

तपसिलः

१. पि.डि. अर्थ मुभर्सलाई - रु. १६,८६,०१०.८५।-

२. सुरज कन्सट्रक्सनलाई - रु. २०,६३,०९८.१९।-

**निर्णय नं. ७:**

चालु आ.व. २०७९/०८० को वार्षिक नीति/कार्यक्रम तथा बजेटमा परी आठौँ नगरसभाबाट स्वीकृत भई कार्यान्वयन गर्नु पर्ने तपशिल बमोजिमको योजना/कार्यक्रम मिति २०७९/१०/२७ गतेको टिप्पणी तथा आदेशानुसार योजना/कार्यक्रम परिमार्जन गरेकोमा मिति २०७९/११/३० गतेको नगर कार्यपालिका बैठकबाट त्यस्तो परिमार्जित योजनालाई स्वीकृत/अनुमोदन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| क्र.स.. | आ.व. २०७९/०८० छानोट भएका योजना | सम्बन्धित शाखाबाट योजना परिवर्तनको माग भइ सिफारिस आएका योजना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | सि.नं. ५२० , धनगढी-१४, सी गाउँ मोहन्याल मन्दिर रंगरोगन गर्ने काम रु. १,००,०००।- | धनगढी-१४, वडा कार्यालयको परिसरमा सवारी पार्किंग सेड र वडा कार्यालयको साईन बोर्ड व्यवस्थापन गर्ने कार्यका लागि थप रकम रु. १,००,०००।- | १,००,०००।- | योजना परिवर्तन/संशोधन गर्ने व्यहोरा (च.नं. १८२५ , मिति २०७९/१०/२५) को सिफारिस पत्र आएको तथा मिति २०७९/१०/२७ गतेको टिप्पणी तथा आदेशानुसार । |

**निर्णय नं.८:**

मिति २०७९/०७/२१ गतेको नगरकार्यपालिका बैठकको निर्णय नं. १ मा योजना संशोधन कार्य मिति २०७९ साल माघ मसान्त सम्म मात्र गर्ने भनि उल्लेख भएता पनि विविध कारण बस योजनाहरु संशोधन गर्नु पर्ने भएकाले आ.व. २०७९/०८० मा योजनाहरु परिवर्तन/संशोधन एवं एकीकरणको लागि वडा कार्यालयबाट सिफारिस भै आएका तपशिल बमोजिमका योजनाहरुलाई लेखा सुत्र प्रणालीसँग भिडान हुने गरी परिमार्जित गरि कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

तपसिलः

| क्र.स.. | आ.व. २०७९/०८० छानोट भएका योजनाहरु | सम्बन्धित शाखाबाट योजना परिवर्तनको माग भइ सिफारिस आएका योजनाहरु | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सि.नं.५०८ , धनगढी-१४, माटो परीक्षण सहित बेमौसमी तरकारी खेति तालिम सचालन रु. ५०,००० ।- | धनगढी-१४, सिटि कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स सप, धनगढीलाई क्याननको प्रिन्टर LBP-2900 र अन्य इलेक्ट्रिकल सामान तथा अन्य कार्यालय सामानहरु मर्मत सम्भार एवं व्यवस्थापन गर्ने कार्यका लागि भुक्तानी हुन् बाँकी रु. ३९,०००।- र वडाको सडक बत्ति जडान तथा ब्यबस्थापन गर्ने कार्यका लागि भुक्तानी हुन् बाँकी अपुग भएको रकम रु. ११,०००।- | ५०,००० ।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. २०१५, मिति २०७९/११/१८) को सिफारिस पत्र आएको । |
| २ | सि.नं.६४८, धनगढी-१८, नुक्लिपुर सम्म खानेपानी पाइपलाइन विस्तार रु.३,००,०००।- | धनगढी-१८, छोटी भन्सारबाट एफ गाउँ जाने बाटो सडक ग्राभेल गर्ने कार्य रु.३,००,०००।- | ३,००,०००।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १४२२, मिति २०७९/११/२८) को सिफारिस पत्र आएको । |
| ३. | सि.नं.२५१, धनगढी-३, अपांग भवन घेरवार रु. ५०,०००।- | धनगढी-३, नाली निकास गर्ने कार्य रु.५०,०००।- | ५०,००० ।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. २८३८, मिति २०७९/११/२९) को सिफारिस पत्र आएको । |

| | | | | |
|---|---|---|---|---|
| ४. | सि.नं. १८०, धनगढी-१, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई न्यानो कपडा वितरण रु. २,००,०००।- | धनगढी-१, सडक बत्ती खरिद गर्ने कार्य रु. २,००,०००।- | २,००,०००।- | योजना परिवर्तन/संशोधन गर्ने व्यहोरा (च.नं. २१५९, मिति २०७९/११/२९) को सिफारिस पत्र आएको । |
| ५. | सि.नं. २७०, धनगढी-४, विनोद विष्टको घर देखि गंगा बस्नेतको घर सम्म सडकमा ब्लक छाप्ने काम रु. ४,००,०००।- | धनगढी-४, श्याम महराको घरदेखि रमेश लामिछानेको घर जाने बाटो सम्म ब्लक छाप्ने काम रु. ३,५९,०००।– धनगढी-४, विनोद विष्टको घर देखि गंगा बस्नेतको घर सम्म सडक ग्राभेल गर्ने काम रु. ४१,०००।- | ४,००,०००।- | योजना परिवर्तन/संशोधन गर्ने व्यहोरा (च.नं. १५३६, मिति २०७९/११/२९) को सिफारिस पत्र आएको । |
| ६. | सि.नं.६३९,धनगढी-१८, फूलबारी बहुमुखी क्याम्पसलाई मर्मत रु. ३,०००००।- | धनगढी-१८, फुलबारी बहुमूखी क्याम्पसलाई निःशुल्क भर्ना रु. ३,००,०००।- | ३,००,०००।- | मिति २०७९/०५/०८ गतेको वडा समितिको निर्णयानुसार। |

**निर्णय नं. ९:**

चालु आ.व. ०७९/०८० मा यस धनगढी उप-महानगरपालिका अन्तर्गत सञ्चालन हुने तपसिल बमोजिमका योजनाहरुका लागि भैपरी पूँजीगत विकास शिर्षकबाट देहाय अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | योजनाहरुको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | धनगढी- ०५, आमाको माया छात्रबास टोलमा सुकुटीनालामा तटबन्धन गर्ने कार्य | ४,००,०००।- | |
| २. | धनगढी - १४, कुसुम डाँडा अधुरो देउथान निर्माण गर्ने कार्य | २,००,०००।- | |
| ३. | धनगढी - १८, अधुरो थारु देउथान निर्माण गर्ने कार्य | ३,००,०००।- | |
| ४. | धनगढी- १३, डीलाशैनी भगवती माता मन्दिरको होम कुण्ड तथा घेरा पर्खाल निर्माण र कृतन मण्डली भवन निर्माण गर्ने कार्य | ५,००,०००।- | |
| ५. | धनगढी- २, बद्रीनाथ सामुदायिक अध्ययन केन्द्र धनगढी-२, कैलालीको गेट निर्माण गर्ने कार्य | २०,००० ।- | |
| ६. | आ.व. २०७९ / ०८० को रातो किताबको क्र.स. १०१ मा Construction of Black top Road with Side Drain at Ward no.11, Dhangadhi Sub Metropolitain City कार्यका थप रकम | २,५५,०००।- | |
| ७. | धनगढी - मेनरोड विस्तारका क्रममा जिल्ला प्रशासन कार्यालय आगाडीको Boundary Wall भत्काई नयाँ निर्माण गर्ने कार्य | ४०,००,००० ।- | |
| ८. | धनगढी-३, विरेन्द्र प्रहरी स्कुल, हस्पिटलका लागि रंगिन जस्तापाता खरिद कार्य | ४,००,०००।- | |
| | धनगढी-१३, नव ज्योती आधारभूत विद्यालय भवन निर्माण कार्यको लागि थप रकम | ११,१०,०००।- | |
| ९. | धनगढी उप-महानगरपालिका अन्तर्गत वृक्षारोपण कार्यको लागि थप रकम | २०,९२,०००।- | |
| १०. | धनगढी- १४, हाटबजार टोलको विद्यालय जाने सडकमा माटो रिट्रनिंग वाल लगाउने कार्य | ३,००,०००।- | |
| ११. | तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत निर्माण हुने धनगढी – ३, विशालनगर जनता आ.वि.को भवन निर्माणका लागि आवश्यक Matching Fund | ७,५०,०००।- | |
| १२. | धनगढी- ५, दान बहादुर रावलको घर नजिक नाली निर्माण गर्ने कार्य | २,००,०००।- | |

| | | | |
|---|---|---|---|
| १३. | धनगढी-१, फुलारा टोल कटानमा ह्यूम पाईप नाली निकास गर्ने कार्य | १०,००,०००।- | |
| १४. | धनगढी-२, सरस्वतीनगरमा रहेको शिव मन्दिर रंगरोगन गर्ने कार्य | १०००००।- | |
| १५. | मोहना पुल देखि गोदावरी नगरपालिकाको सिमाना सम्म डिभाईडर हटाउने | ५,२०,५५६।- | |

**निर्णय नं. १०:**

यस धनगढी उप-महानगरपालिका वडा नं. १, कैलाली पुल देखि हुलाकी सडकको जिरो प्वाइन्ट सम्म डी.पी.आर.तयार गरि सडक निर्माण गर्ने कामका लागि विनियोजन भएको बजेट रु. १,००,००,०००।- बाट तपसिल बमोजिमका योजनाहरुका लागि बजेट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**तपसिल:**

| क्र.सं. | योजनाहरुको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | रातो किताबको क्र.स. ११२, Construction of Side drain with Blacktop Road at Tribhuwan school Road ward no. 03 DSMC ३८१ को कार्यका थप रकम | ३२,५०,०००।- | |
| २. | १९ वटै वडाका मुख्य - मुख्य सडकहरुको DPR गर्न र पार्कको DPR गर्नका लागि | ६७,५०,०००।- | |

**निर्णय नं. ११:**

धनगढी-१३, एयरपोर्ट गेटलाई प्लाष्टर, रंगरोगन सहित मर्मत गर्न रु. ४,५०,०००।– सार्वजनिक सम्पती मर्मत सम्भार शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १२:**

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ.व. ०७९/०८० को वार्षिकं कार्यक्रम अन्तर्गत ठेक्का न .DTO/KAI/NCB/01/073-74 को Construction of Office Building Complex of DTO/DDC कार्यको लागी रु. ६,५७,७४,११६।७९ मा सम्झौता भई निर्माणका क्रममा साबिकको जिल्ला प्राविधिक कार्यालयबाट हस्तान्तरण भई यस कार्यालयको प्रशासनिक भवनको रुपमा निर्माण कार्य अगाडी बढाउन यस कार्यालयलाई स्वास्थ्य सम्बन्धी सामग्री व्यवस्थित गर्नको लागि स्टोर कक्षको आवश्यकता भएकाले BOQ मा उल्लेख भएको आइटमहरुको अधिनमा रही Basement निर्माण गर्नुपर्ने तथा सबै झ्यालहरुमा ग्रिल लगाउनु पर्ने भएकाले सो कार्य गर्न रु. ९१,३७,४०५।८० भेरियसन जम्मा खर्च रु. ७,४९,११,५२२।५६ भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ ( एघारौं संसोधन समेत ) को नियम ११८ तथा धनगढी उप- महानगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को दफा १२७ बमोजिम स्वीकृत भएको भेरियसन आदेशको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३:**

यस धनगढी उप-महानगरपालिका नगरकार्यपालिका कार्यालयको आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम अन्तर्गत ठेक्का न .61/DSMC/2075/076 को Construction of Rana Tharu Museum Block and Other Structure with Landscaping, Ward No. 13 सम्बन्धि कार्यका लागी २०७६/०३/२० गते सम्झौता भई निर्माण भइ रहेकोमा उक्त भवनको दोश्रो तलाको छानामा काठको ट्रस माथी खपरेट/ टायलको डिजाइन भएकोमा हावाहुरीले गर्दा भविष्यमा समस्या हुन सक्ने भएकोले उक्त स्थानमा RCC पक्की ढलान गरि छानामा Roofing Tile राखी Variation गरि उक्त निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. १४:**

यस धनगढी उप-महानगरपालिका अन्तर्गत Six- lane मा High Mast - light लगाउने कार्य अन्तर्गत १० वटा High Mast लगाउने सम्झौता भए बमोजिम काम भै रहेकोमा, ठेक्काबाट बचत बाँकी रकमबाट सोहि रकमलाई सोहि दरमा थप ५ थान High Mast - light सबै भन्दा कम दररेटमा सप्लाई गर्न इच्छुक Drive Electronics Pvt. Ltd. मार्फत खरिद गर्ने कार्य लाई स्वीकृती प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. १५:**

यस धनगढी उप-महानगरपालिका अन्तर्गतका विभिन्न वडा कार्यालयमा भूमिहीन दलित ,भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासी व्यवस्थापन प्रयोजनका लागि राष्ट्रिय भूमि आयोग स्थानीय सेवा केन्द्र मार्फत नाप नक्सा भइ विभिन्न वडा कार्यालयको वडा सहजिकरण समितिबाट पहिचान सहित प्रमाणीकरण भई आएका राष्ट्रिय भूमि आयोगको कार्यविधि २०७८ दफा (४) अनुसार पहिचान, प्रमाणीकरण, आधार र मापदण्डहरु पुरा गरि वडा कार्यालयबाट सिफारिस भई आए बमोजिम भूमि सम्बन्धित ऐन २०२१ को दफा ५२ (ख) को उप दफा ४ भुमि सम्बन्धित नियम २०२१ को उप नियम ४१ (ख) को नियम ४ मा उल्लेख भएका बाहेकका देहाय बमोजिमको जग्गा प्राप्तिका लागि मिति २०७९/११/०९ को नगर स्तरीय सहजिकरण समितिको निर्णयानुसार राष्ट्रिय भूमि आयोग जिल्ला समिति कैलालीलाई सिफारिस गर्ने निर्णय गरियो।

**देहाय:**

| क्र.स. | वडा | नापनक्सा भई नक्सा भिडान भएको | पुर्जा पाउन योग्य | भूमिहीन सुकुम्वासी /भूमिहीन दलित | अव्यवस्थित बसोबासी |
|---|---|---|---|---|---|
| १. | २ | ३२ | १८ | | १८ |
| २. | ३ | ८२ | ४१ | ३ | ३८ |
| ३. | ४ | ११७ | ११७ | ..... | ११७ |
| ४. | ५ | २२९ | २२९ | ..... | २२९ |
| ५. | ६ | ६८ | ६८ | १३ | ५५ |
| ६. | ८ | ३४ | ३४ | २ | ३२ |
| ७. | ११ | ६९ | ६९ | ५ | ६४ |
| ८. | १३ | ७२ | ६८ | १८ | ५० |
| ९. | १७ | ३३ | ३३ | ..... | ३३ |
| जम्मा | | ७३६ | ६७७ | ४१ | ६३६ |

**निर्णय नं. १६:**

यस धनगढी उप-महानगरपालिकाको तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल:**

- सम्पति कर व्यवस्थापन कार्यविधि,२०७९

**निर्णय नं. १७:**

फोहरमैला व्यवस्थापनलाई वैज्ञानिक तवरले व्यवस्थापन गर्नको लागि Solid Waste Management Information System (SWMIS) with app को निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८:**

वातावरण मैत्री स्थानीय सरकारको अवधारणा अनुरुप वडा नं. ३ लाई वातावरण मैत्री वडा बनाउनको लागि उक्त वडामा विभिन्न कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९:**

धनगढी उप-महानगरपालिका प्राविधिक समितिको मिति २०७९/१०/१९ गतेका दिन बसेको बैठकको निर्णय बमोजिम यस ध.उ.मा.न.पा. वडा नं.०२ मा निर्माण गर्ने १८०० घन मिटर क्षमताको बायोग्यास स्थापना र संचालनका लागि गरिने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) कार्य गर्नका लागि यस कार्यालयमा कार्यसूची पेश गर्ने श्री देव ट्रेनिङ एण्ड म्यानेजमेन्ट सर्भिस सेन्टर धनगढी-०५, कैलालीको प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०:**

यस धनगढी उप-महानगरपालिकाद्वारा मिति २०७९/०५/१० गते प्रकाशित सूचना अनुसार सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको लागि लागि आवश्यक पर्ने कर्मचारी भर्ना गर्न पदपूर्ति समितिले विभिन्न मितिमा संचालन गरेको लिखित, प्रयोगात्मक तथा अन्तरवार्ताको माध्यमबाट उच्चतम अंक प्राप्त गरी छनौट हुन सफल उम्मेदवारलाई मिति २०७९/१०/१६ को पदपूर्ति समितिको सिफारिस अनुसार नगर कार्यकपालिकाको कार्यालयले गरेको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१:**

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत कर्मचारी पदपूर्ति गर्नको लागि मिति २०७९/०५/१० गते प्रकाशित सूचना अनुसार विज्ञापन नं. ०३/०७९/०८० को आप्रवासी श्रोत केन्द्र परामर्शकर्ता सहायक स्तर पाँचौमा छनौट हुन सफल उम्मेदवार पार्वती कुमारी सिंहले आफ्नो व्यक्तिगत कारणले उक्त पदमा रही काम गर्न असमर्थ रहेको भनी Email मार्फत पेश गरेको निवेदनका कारण र विज्ञापन नं. ०४/०७९/०८० को मनोसामाजिक परामर्शकर्ता सहायकस्तर पाँचौमा आवेदन दिएका कुनै पनि उम्मेदवार सफल हुन नसकेका कारण रिक्त हुन गएका दुवै पदहरुको मिति २०७८/११/१६ गते पुनः प्रकाशित विज्ञापनलाई अनुमोदन गरी बाँकी पदपूर्ति प्रक्रिया अगाडी बढाई आवश्यक पर्ने कर्मचारी छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२:**

यस धनगढी उप-महानगरपालिका वडा नं.-६, शिवनगर टोलका बासिन्दाले पाईप लाईन खानेपानी धारा जडान गर्नका लागि लाग्ने धरौटी रकम अनुदान माग गरेकोले पानी उपभोग गरे बापतको नियमित बिल उपभोक्ताले आफै तिर्ने र जडान गर्दा लाग्ने धरौटी रकम बापतको प्रति धारा १३,०००।– (अक्षरुपी तेह हजार) का दरले तीन वटा धारा जडानको लागि लाग्ने धरौटी दस्तुर बापत रु. ३९,०००।– (अक्षरुपी उनचालिस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २३:**

नगर शिक्षा ऐन धनगढी (पहिलो संशोधन सहित), २०७४ को दफा २१ को उपदफा (१) खण्ड (घ) बमोजिम देहायका विद्यालयमा देहायका व्यक्तिहरुलाई मनोनित गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | मनोनित सदस्यको नामावली |
|---|---|---|
| १ | सरस्वती आवि, धनगढी-१, शान्तिनगर | श्री रत्ना मल्ल र श्री प्रेम मल्ल |
| २ | राष्ट्रिय मावि, धनगढी-७, बेली | श्री चन्द्रा चौधरी र श्री सहेन्द्र चौधरी |
| ३ | धनगढी नमुना प्राविधिक मावि, धनगढी-८,धनगढी गाउँ | श्री तारा कुमारी चौधरी र श्री उपेन्द्र राज जोशी |
| ४ | सरस्वती आवि, धनगढी-९, बंगराकटान | श्री पार्वती चौधरी र श्री दल बहादुर थापा |
| ५ | भवानी मावि, धनगढी-९, भवानीपुर | श्री लक्ष्मी कोली र श्री लीलाधर पार्की |
| ६ | नवदुर्गाआवि, धनगढी-१२, जनकवस्ती | श्री जयरानी चौधरी र भरत बहादुर खडका |
| ७ | बेहडा बाबा आवि, धनगढी-१२, डि गाउँ | श्री सरस्वती खत्री र श्री लक्ष्मण सिंह |
| ८ | निङ्गलाशैनी गुरुकुल संस्कृत विद्यापीठ, धनगढी-१३, कैलालीगाउँ | श्री पवित्रा रिजाल र श्री खगेन्द्र पुरी |
| ९ | सर्वोदय मावि, धनगढी-१४, फुलबारी | श्री संगिता सिंह र श्री जगदीश चौधरी |
| १० | जन जागृति आ.वि, धनगढी-१५, कनरी | श्री भावना साउद र श्री वृत कुमार चौधरी |
| ११ | जन जागृति आवि, धनगढी-७, पटेला | श्री सोमती चौधरी र श्री चतुर्भुज चौधरी |
| १२ | शिव गंगा आवि, धनगढी-१५, उर्मी | श्री सितावा राना र श्री गंगा प्रसाद राना |
| १३ | समैजी आवि, धनगढी-१५, शान्तिकटान | श्री लक्ष्मी विक र श्री शिव कुमार चौधरी |
| १४ | जन कल्याण आवि, धनगढी-१६, जलघ्रुसा | श्री तारा देवी सार्की र श्री चरित्र रामजाली |
| १५ | भानु मावि, धनगढी-१७, पथरी | श्री सिउदेवी चौधरी र श्री रमेश चौधरी |
| १६ | कालिका आवि, धनगढी-१७, धुर्जन्ना | श्री अनिता चौधरी र श्री रतन लाल डगौरा |
| १७ | खप्नडी आवि, धनगढी-१८, एफ गाउँ | श्री शर्मिला लामा विक र श्री करन खड्का |
| १८ | चन्द्रोदय मावि, धनगढी-१८, फुलबारी | श्री कल्पना देवकोटा र श्री सुभाष बस्नेत |
| १९ | जन प्रिय आवि, धनगढी-१९, आई गाउँ | श्री बाल कुमारी अधिकारी र श्री धर्मराज जोशी |

**निर्णय नं. २४:**

धनगढी उप-महानगरपालिकाको आ.व. २०७९।०८० को बार्षिक नीति, कार्यक्रम तथा बजेटको पृष्ठ नं. १६० को सि.नं. ६९८ मा उल्लेखित नगर शिक्षा समितिको निर्णयानुसार सञ्चालन हुने शैक्षिक कार्यक्रमका लागि विनियोजित रकम रु. ५ लाख र पृष्ठ नं. १६१ को सि.नं. ७१० मा उल्लेखित विद्यालय अनुगमन तथा शिक्षक पेशागत सहयोगमा विनियोजित रकम रु. ६ लाख गरी कूल ११ लाख रकमबाट भारतको भारतको नयाँ दिल्लीको शैक्षिक अवलोकन भ्रमण गर्न नगर शिक्षा समितिको मिति २०७९।११।१० को निर्णय नं. ४ बमोजिम रकमान्तर गर्ने र उक्त रकमबाट धनगढी उप-महानगरपालिका अन्तर्गतका विद्यालयका प्रधानाध्यापक, जनप्रतिनिधि, नगर शिक्षा समितिका पदाधिकारी र कार्यालयका कर्मचारीहरुलाई भारतको नयाँ दिल्लीको शैक्षिक अवलोकन भ्रमण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं. २५:**

नगर शिक्षा समितिको मिति २०७९।११।१० को निर्णय नं. ६ बमोजिम स्थानीय पाठ्यक्रम निर्माण तथा सहजीकरण समितिले तयार गरी पेश गरेको कक्षा १-३, कक्षा ४-५ र कक्षा ६-८ का लागि तयार गरेको स्थानीय पाठ्यक्रमको मस्यौदा "हाम्रो धनगढी" कक्षा १-८ लाई शैक्षिक सत्र २०८० देखि धनगढी उप-महानगरपालिकाको कार्यक्षेत्रका विद्यालयहरुमा लागू गर्नका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६:**

यस धनगढी उप-महानगरपालिका वडा नं. ११ मा आ.व. २०७८/०७९ को कार्यक्रम अनुसार ठेक्का नं. १७/DSSMC/२०७८/०७९ को Construction of Blacktop Road with side Drain at eard no. 11 योजनाको बी.पी. निर्माण सेवा धनगढी-२ सँग सम्झौता भई कार्यादेश दिईएकोमा, निर्माण स्थलमा स्थानीय बीच बाटो छुट्याउने विषयमा वादविवाद भई काम हुन नसकेको र यस विषयमा पटक-पटक छलफल गरी विवाद मिलाउन खोज्दा समेत निकास नमिलेको र जनप्रतिनिधि बीच छलफल निकासा दिन मिति २०७९/०९/२७ मा वडा कार्यालयलाई पत्राचार गर्दा समेत कुनै जवाफ नआएकोले उक्त ठाउँमा कार्य गर्न नसकिने निष्कर्ष सहित उक्त योजना अन्तर्गतको सडक निर्माण गर्ने कार्य तपसिल बमोजिमको Variation सहित स्वीकृत टिप्पणीको आधारमा धनगढी-०२, सरस्वतीनगर हुलाकी सडक देखि उत्तरतिर श्रीलंका जाने सडकसम्म कार्यान्वयन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| शुरु सम्झौता बमोजिमको रकम | रु. ४९,२४,९६८।१० |
| हाल कायम हुने रकम | रु. ५६,२९,०१०।६४ |
| Variation | रु. ७,०४,०४२।५५ |
| प्रतिशत | १४.३०% |

**निर्णय नं. २७:**

यस धनगढी उप-महानगरपालिका अन्तर्गतका सबै वडामा कार्यरत सामाजिक परिचालकहरुलाई आफ्नो कामप्रति जिमेवार बनाई सामाजिक परिचालन कार्यलाई प्रभावकारी बनाउन र कामप्रति उत्तरदायी बनाउन हरेक महिना उत्कृष्ट कार्य सम्पादन गर्ने सामाजिक परिचालकलाई रु. ५,०००।– (अक्षरुपी पाँच हजार मात्र ।) पुरुस्कार दिने र सो को लागि मूल्याङ्कन गरी नाम सिफारिस देहाय बमोजिमको मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो ।

मूल्याङ्कन समितिः

- प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठ
- प्रशासन महाशाखा प्रमुख श्री डिल्ली राज ओझा
- सामुदायिक विकास शाखा प्रमुख श्री टंक बहादुर विष्ट
- वातावरण तथा सरसफाई शाखा प्रमुख श्री अशोक अवस्थी
- सूचना प्रविधि शाखा प्रमुख श्री अनुप भट्ट

**निर्णय नं. २८:**

यस धनगढी उप-महानगरपालिका क्षेत्र विभिन्न वडाहरुमा ग्राभेल सडक मर्मत गर्ने कार्य निरन्तर रुपमा उप-महानगरपालिका कार्यालयका टिपर र Back hoe Loader को प्रयोग गरी भई रहेकोमा, सबै वडाहरुबाट सडक मर्मतको माग भए अनुसार थप टिपरहरु भाडामा लिई सडक मर्मत गर्नुपर्ने देखिएकोले थप टिपरहरु भाडामा लिन सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९:**

यस धनगढी उप-महानगरपालिकाको वार्षिक स्वीकृत बजेट मध्येबाट तपसिल बमोजिम शिर्षकबाट तपसिल बमोजिमको रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स.. | घट्ने शिर्षक | रकम रु. | बढ्ने शिर्षक | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | भैपरी चालु | १५,००,०००।- | अन्य भत्ता | १५,००,०००।- | |

आजको बैठक अन्त गरियो ।

०७३।११।३०